महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाण्डौ नेपाल
Babarmahal Kathmandu Nepal

उद्योग वाणिज्य तथा आपुर्ति र श्रम लेखापरिक्षण निर्देशनालय

पत्र संख्याः२०७८।७९ मितिः२०७८।०७।२५
च.नं. ३०

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री मुड्केचुला गाउँपालिका,
डोल्पा।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को विनियोजन, राजस्व, धरौटी अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८।६।१९ मा छलफल पश्चात् तयार गरिएको पाना २२ (बाईस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

गाउँपालिकाबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फर्छयौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्छयौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तरदायी अधिकृत /कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु

(कृष्ण प्रसाद भट्टराई)
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार काठमाडौं; -प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
दुनै, डोल्पा -प्रतिवेदन संलग्न छ ।

श्री प्रदेश लेखा इकाई कार्यालय, डोल्पा ।

बजेट शीर्षक नं.: विभिन्न कार्यालयको नामः मुड्केचुला गाउँपालीका, डोल्पा आर्थिक वर्ष : २०७७७८

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

कार्यालय र स्थानः मुड्केचुला गाउँपालीका, डोल्पा ।

आर्थिक वर्षः २०७७७८

पद र नाम		कार्यरत अवधि		बेरुजू रकम
		देखि	सम्म	
कार्यालय प्रमुख	नि.प्र.प्र.अ. श्री सिंहराज डाँगी	०७७।४।१	०७७।१२।३०	५९९४९५९९.१२
,, ,,	प्र.प्र.अ. श्री जित बहादुर श्रेष्ठ	०७८।१।१	०७८।३।३१	
लेखा	स.ले.पा. श्री डिल प्रसाद बराल	०७७।४।१	०७७।१२।३०	
,, ,,	लेखापाल श्री विष्णु प्रसाद शाही	०७८।१।१	०७८।३।३१	

आर्थिक कारोबारको स्थिति

सि.नं	आयतर्फ			सि.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		२४६०७७७२.७०	१	**चालु खर्च**		१५५४५७६५३.००
	क) धरौटि अल्या	७८२७४१.००		२	**पूँजीगत खर्च**		१०७७१६००८.००
ञ	ख) बैंक	२३८२५०३१.७०		३	**वित्तिय व्यवस्था भुक्तानी**		
२	**राजस्व (आन्तरिक आय)**		३९३२९६२६.५७		क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	४६२८१९२.५५			ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड	३४८०१४३४.०२			ग) अन्य भुक्तानी		
	ग) अन्य आय			४	**विषयगत निकाय खर्च**		
३	**वित्तिय हस्तान्तरण संघ**		२४६२३२७०४.००				
	क) वित्तिय समानीकरण अनुदान	६६१०००००.००					
	ख) सशर्त अनुदान	१७४२८६४३०.००					
	ग) समपूरक अनुदान	१३०३२४२.००		५	**धरौटी फिर्ता**		१३२४७५५.००
	घ) विशेष अनुदान	४५४३०३२.००		६	**प्रकोष व्यवस्थापन खर्च**		१८१२८९०.००
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		२१३८७४०१.००	७	**कोष फिर्ता**		२४१७४१९९.००
	क) वित्तिय समानीकरण अनुदान	१०१२५०००.००		८	**मौज्दात**		
	ख) सशर्त अनुदान	४८९४४२१.००			क) बैंक मौज्दात		४४३६३२२०.२७
	ग) समपुरक अनुदान	४४६७३०६.००			ख) नगद मौज्दात		
	घ) विशेष अनुदान	१९००६७४.००		९	**शसर्त अनुदान फिर्ता**		
५	**अन्तर स्थानीय तहबाट प्राप्त**			१०	**गत बर्षको बढी अल्या**		
६	**अन्य**			११	**जनश्रमदान मौज्दात**		
	क) आई टि कर्मचारी तलब	१३४८६२.००	३९१९१३०.००	१२	**धरौटी मौज्दात**		७२७९०९.००
	ख) सडक बोर्ड नेपाल			१३	**कोष खाताको मौज्दात**		
७	**विभिन्न कोषतर्फको आय**						
९	**विषयगत निकायबाट प्राप्त**						
१०	**धरौटी आय**	१२६९९२३.००					
११	**लगानीको साँवा फिर्ता**						

१२	प्रकोष व्यवस्थापन	२५१४३४५.००					
	जम्मा	३३५५७६६३४.२७			जम्मा		३३५५७६६३४.२७

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोराहरू	बेरुजू रकम
	परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ९ वडा, ४२ सभा सदस्य, २५०.०८ वर्ग किलोमिटर क्षेत्रफल तथा ५,१६५ जना जनसंख्या रहेको छ। उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्वपत्र एवं अनुबन्धनपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । भौगोलिक विकटता, सिमित समय र कोभिड– १९ महामारीको कारण स्थलगत निरिक्षण गर्न सकिएन । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्ष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्र्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ ।लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७८। । मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् ।	
१.	**वजेट पेश र पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । गाँऊपालिकको २०७७।७८ को बजेट २०७७ असार १० गते पेश भई २० गते पारित भएको देखिन्छ ।	
२.	**वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी	

<table>
<tr><td></td><td>व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन।</td><td></td></tr>
<tr><td>३.</td><td>बैक हिसाब मिलान नगरेको – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार मौज्दात फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गरी आम्दानी बाँध्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>संचित कोष</td><td>४४३६३२२०.२७</td><td>६०७३७२६३.२७</td><td>१६३७४०४३.००</td></tr>
</table>
नोटः बैक मौज्दात रु. ८,४९,११,४६२.२७ बाट संचित कोष फिर्ता भएको रु. २,४१,७४,१९९.०० कट्टा गरी रु. ६,०७,३७,२६३.२७ कायम गरिएको ।</td><td>१६३७४०४३.००</td></tr>
<tr><td>४.</td><td>जिम्मेवारी फरक सारेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ३,०७,०२,३८८/८२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. २,३८,२५,०३१/७० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ६८,७७,३५७/१२ घटी जिम्मेवारी सारेको छ । घटी जिम्मेवारी सारेको रकम सम्बन्धमा यकीन गरी हिसाव समायोजन गर्नुपर्ने रु.</td><td>६८७७३५७.१२</td></tr>
<tr><td>५.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छन ।</td><td></td></tr>
<tr><td></td><td>
गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-१४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख गाउँपालिकाको मूल जिन्सी खातामा
</td><td></td></tr>
</table>

	अध्यावधिक गरेको पाईएन । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • वातावरण संरक्षणको एकीकृत दिर्घकालिन योजना तयार नगरेको । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । • भ्रमण अभिलेख खाता म.ले.प.फा.नं.९०८ तथा भ्रमण प्रतिवेदन म.ले.प.फा.नं.९०९ प्रयोगमा नल्याएको । • खरिद इकाई गठन नगरेको तथा खरिद योजना तयार नगरेको। • सार्वजनिक खरिद ऐन,२०६३ बमोजिम पान नम्बर भएका फर्म सँग मात्र कारोवार गर्ने प्रावधान पुर्ण रुपमा लागु नगरेको। • आन्तरिक लेखापरीक्षणबाट देखिएका वेरुजु समयमानै फछ्र्यौट नगरेको । • अन्तिम लेखापरीक्षणबाट देखिएका वेरुजुको लगत राखी सम्परीक्षण सम्बन्धी कार्य नगरेको । • आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७५(१) बमोजिम पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गरी पेश्की लिनेदिने गरेको पाईएन । • कतिपय गोश्वारा भौचर, तलबी भरपाई लगायतको कागजातमा कार्यालय प्रमुख तथा लेखा प्रमुखले सहीछाप नगरेको ।	

	गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
६.	**ऐनको कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७)मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८(५)मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्जनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत कार्यक्रम भन्दा कार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो। गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन। यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन। गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।	
७.	**कानून निर्माण र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हाल सम्म एउटा मात्र ऐन बनाएको छ । गाउँपालीकाको कार्य संचालनको लागी आवश्यक कानुनहरु तर्जुमा गरी कार्यान्वयन गर्नु पर्दछ ।	
८.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
९.	**वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । यस गाँऊपालिकले यो बर्ष स्वीकृत गरी सञ्चालन गरेकोमा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन । गाँऊपालिकको बिकासको लागि कार्यक्रमको प्राथमिकीकरण नगरेको कारण	

	उपलव्ध सिमित स्रोत साधन ससाना कार्यक्रममा खर्च भई नतिजा देखिने गरी उपलव्धि हासिल हुन नसक्ने भएकोले योजना एवं कार्यक्रमको प्राथमिकीकरण गरी उच्च प्राथमिकतामा परेको कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।	
१०.	**अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. २२ लाख अबण्डा राखी कार्यपालिकाको विभिन्न समयको निर्णयबाट कार्यक्रम, स्वीकृत गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यगाउँपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
११.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा कर्मचारी विवरण माग भएकोमा पेश भएन । नगरपालीकाको भनाई अनुसार नगरपालीका र वडा तर्फ प्रमुख प्रशासकीय अधिकृत सहित ३५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १६ जना पदपूर्ती भएको देखिन्छ । कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित १९ पदहरु रिक्त रहेका र अधिकांश करार कर्मचारीहरुले कार्य संचालन गरिरहेको पाईयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१२.	**खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ४६,२८,१९२।५५, समेत ३३,५५,७६,६३४।७० आम्दानी भएकोमा चालु तर्फ रु.१५,५४,५७,६५३।०० र पूँजिगत तर्फ रु. १०,७७,१६,००८।०० गरी जम्मा रु. २६,३१,७३,६६१।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७६ प्रतिशत मात्र रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९.०७ प्रतिशत चालु र ४०.९३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गर्नुपर्दछ ।साथै आन्तरीक आयको स्रोतहरु पहिचान गरी आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
१३.	**चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पँजीतग	

बजेट शीर्षक नं.: विभिन्न कार्यालयको नामः मुड्केचुला गाउँपालीका, डोल्पा आर्थिक वर्ष : २०७७७८

	तर्फ चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।	रकम रु. हजारमा

क्र. सं.	बजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	असारको खर्च
१	नेपाल सरकार समानिकरण अनुदान	५९४९७	१९०००	१३४६३	२७०३४	१००३४
२	नेपाल सरकार समपुरक	६५२	०	०	६५२	६५२
३	नेपाल सरकार शर्शत अनुदान	१५०७६४	६०२०४	४००४०	५०५२०	५०५२०
४	नेपाल सरकार बिषेश अनुदान	४५४३	०	०	४५४३	१७४३
५	कर्णालि प्रदेश समानिकरण अनुदान	४७४१	०	३२७	४४१४	४४१४
६	कर्णालि प्रदेश समपुरक अनुदान	४४६७	०	०	४४६७	४४६७
७	राजश्व बाँडफाँड प्रदेश सरकार	१५७५१	५६००	५०७५	५०७६	१५००
८	प्रदेश सरकार शर्शत अनुदान	४८९२	०	०	४८९२	४८९२
९	कर्णालि प्रदेश विशेष अनुदान	१९०१	०	०	१९०१	१९०१
१०	आन्तरिक स्रोत गतबर्षको अल्या	१५९६६	५३००	४८९६	५७७०	३०७६
	जम्मा	२६३१७४	९०१०४	६३८०१	१०९२६९	८३१९९
	प्रतिशतमा		३४.२४	२४.२४	४१.५२	३१.६१

गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार कुल रु. २६ करोड ३१ लाख ७४ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु. ९ करोड १ लाख ४ हजार अर्थात ३४.२४ प्रतिशत, दोश्रो चौमासिकमा रु. ६ करोड ३८ लाख एक हजार, अर्थात २४.२४ प्रतिशत, तेश्रो चौमासिकमा रु. १० करोड ९२ लाख ६९ हजार, अर्थात ४१.५२ प्रतिशत र असार महिनामा मात्र ८ करोड ३१ लाख ९९ हजार अर्थात ३१.६१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी आर्थिक बर्षको अन्यमा आएर खर्च गर्दा योजना अनुगमन तथा मुल्यांकनमा कठीनाई भई कामको गुणस्तर कायम गर्ने कार्यमा असर पर्दछ । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरीनुपर्दछ ।

१४. **मौज्दात रकम फिर्ताः** अर्थ मन्त्रालयलको अन्तर सरकारी वित्तिय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शनमा सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । आर्थिक बर्ष २०७७।७८ मा खर्च नभई बाँकी रहेको शसर्त अनुदान रु. २,४१,७४,१९९/- मिति २०७८।६।१५ संघिय संचित कोषमा दाखिला भएको छ । प्रदेश सरकार तर्फको विशेष अनुदानको रकम खर्च अनुसार मात्र निकासा भएको देखिन्छ ।

१५. **ठेक्का व्यबस्थापनः** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले रु. २,०७,७६,०३९।२३ को विभिन्न ६ ठेक्का व्यवस्थापन गरेकोमा सम्पर्ण ठेक्का तेस्रो चौमासिकमा मात्र गरेको छ । यसरी

	आर्थिक बर्षको अन्त्यमा मात्र ठेक्का व्यवस्थापन गर्दा निर्माण कार्यको लागी कम समय हुने, अनुगमन तथा मुल्यांकन प्रभावकारी नहुने तथा कामको गुणस्तर कायम गर्ने कार्यमा समस्या हुने जस्ता समस्या हुन्छ । समयमा ठेक्का व्यवस्थापन गरी निर्माण कार्यको गुणस्तर कायम गर्ने तर्फ उचित ध्यान दिनु पर्दछ ।	
१६.	**लक्ष्य प्रगतिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाँऊपालिकले यो बर्ष सञ्चालन गरेकोका कार्यक्रमहरुको नियममा उल्लेख भएअनुसार अनुसूची– २ को ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन प्रगति प्रतिवेदनको अभावमा स्वीकृत कार्यक्रमको समग्र प्रगति स्थिति मूल्यांकन गर्न सकिएन । सञ्चालित कार्यक्रमको तोकिएको ढाँचा प्रगति प्रतिवेदन तयार गरी बार्षिक समिक्षा गर्ने व्यबस्था मिलाउनु पर्दछ ।	
१६.१.	सर्शत र समानीकरण अनुदान अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रम सञ्चालन गर्न बजेट र कार्यक्रम प्राप्त भएकोमा उक्त कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलव्धिको बार्षिक प्रगति बिबरण तयार नगरेको कारण लक्ष्यबमोजिम कार्य भए नभएको बिश्लेषण गर्न सकिएन । तसर्थ ती कार्यक्रमको प्रगति बिबरण पेश गर्नुपर्दछ ।	
१७.	**कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय तहको दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस कोषको स्थापना गरी हाल सम्म एकमुस्ट रु. ५,००,०००/- जम्मा गरेको छ । ऐनमा भएको व्यवस्थाको पालना गरी तोकिए बमोजिम रकम मासिक रुपमा जम्मा गर्नुपर्दछ।	
१८.	**तलवी प्रतिबेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अन्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । गाँऊपालिकाका स्थायी कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।	
१९.	**सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	
२०.	**कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको	

	कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।	
२१.	**उपभोक्ता समिति दर्ता नभएकोः** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेट परेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।	
२२.	**उपभोक्ता समिति मार्फत कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यबिधि उल्लेख छ । नियमावलीमा भएको व्यबस्थाको पालना सम्बन्धमा निम्नानुसार देखिएको छः	
२२.१	नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।	
२२.२	नियमावलीको नियम ९७(१२) मा उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले सम्पन्न आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन ।	
२२.३	उपभोक्तासँगको खरिद सम्झौतामा सबै कामहरु इन्जिनियरिङ्ग नर्म्स, ड्रईङ, डिजाईन संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा कुनै पनि उपभोक्ता समितिको कार्यमा ड्रईङ, डिजाईन तयार गरेको पाईएन । साथै कतपिय उपभोक्ता समितिले काम भएको प्रमाणित गर्ने तस्विर समेत संलग्न रहेको छैन । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिताको कमी देखिन्छ ।	
२२.४	उपभोक्ता समितिबाट गरेको कार्यमा तोकिएको अवधि सम्म दुरुस्त राख्नु पर्ने भएमा त्रुटी सच्याउने अवधि सम्मको धरौटी राख्नु पर्दछ । त्रुटी सच्याउने अवधिसम्मको धरौटी राख्ने गरेको पाईएन । निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने व्यबस्था मिलाउन उपयुक्त हुने देखिन्छ ।	
२२.५	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर लगायतका मेशीन प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने	

	भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन ।	
२२.६	**डोर हाजिरः** तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । उपभोक्ता समितिले डोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा नाम ठेगाना लगायतको विवरण समेत खुलाउने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण भरेको देखिएन । नम्स अनुसार जिन्सी सामान खपत र ज्याला खर्च भएको हो होइन ऐकिन हुनसक्ने अवस्था नदेखिंदा निर्माण कार्य भए नभएको समेत यकिन हुन सक्ने आधार नदेखिएकोले फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुनेगरी डोर हाजिर फारम तयार हुने व्यवस्था गर्नेतर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जान जरुरी देखिएको छ ।	
२३.	**निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यबस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको सिंचाइ एवं खानेपानी योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाँउपालिकाले गतविगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यबस्थापन गर्नुपर्ने देखियो ।	
२४.	**योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७।७८ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।	

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
६	१०	१२	११	३०	६९

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष जम्मा ६९ वटा योजना संचालन गरेकोमा रु. १ लाख सम्मको ६ ओटा, १ लाख देखी २ लाख सम्मको १० ओटा, २ देखी ५ लाख सम्मका १२ वटा योजना, रु ५ लाख देखि १० लाखसम्मका ११ योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैभरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतीका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकरात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

२५. **वडा सचिवको पदपूर्ति** : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । यसरी ठुलो संख्यामा वडा सचिवहरुको दरबन्दी रिक्त हुँदा गाउँपालीकाको सेवा प्रवाहमा प्रत्यक्ष असर पर्दछ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

वडा संख्या	वड सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
९	९	१	८

२६. **सेवाप्रवाहको स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । गाउँपालीकाले हाल सम्मा कुनै पनी ऐन, नियमावली तथा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छैन । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	**जम्मा**
स्वीकृत घरनक्सा दर्ता पास	नभएको
पञ्जिकरणतर्फ	
जन्मदर्ता	४६
नागरिकता सिफारिस	१३५
मृत्युदर्ता	२०
बसाईसराई दर्ता	५
विवाह दर्ता	२३
सम्बन्धविच्छेद दर्ता	नभएको
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	नभएको
कालोपत्रे सडक मर्मत	नभएको
ग्राभेल सडक निर्माण	नभएको
ग्राभेल सडक मर्मत	नभएको

२७. **आन्तरिक लेखापरीक्षण शाखा** : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

२८. **पेश्की** : आर्थिक कार्यविधि नयमावली, २०६४ को नियम ७६ (४) मा साधारणतया कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखलाई पेश्की दिनु नहुने उल्लेख छ । तर नगरपालीकाले पटक पटक कार्यालय प्रमुख तथा लेखा प्रमुखको नाममा पेश्की लिने तथा भुक्तानी लिने पाईयो । जसको उदाहरण निम्नानुसार छ ।

भौचर नं. र मिति	भुक्तानी लिनेको नाम	प्रयोजन	रकम
२।०७७।६।१४	प्र. प्र. अ. श्री सिंहराज डाँगी	स्काभेटर संचालन	२०००००

७६।०७७।६।३०	लेखा प्रमुअ श्री डिल बा. बराल	कार्यालय सामान	४००००
१०१।०७७।७।५	लेखा प्रमुअ श्री डिल बा. बराल	विविध	४००००
१०१।०७७।७।५	लेखा प्रमुअ श्री डिल बा. बराल	अनुगमन	१५००००
१०९।०७७।७।२१	लेखा प्रमुअ श्री डिल बा. बराल	विविध खर्च	३५००००
११०।०७७।७।२१	लेखा प्रमुअ श्री डिल बा. बराल	विविध	५००००
११६।०७७।७।२४	लेखा प्रमुअ श्री डिल बा. बराल	विविध	१०००००
११८।०७७।७।२४	लेखा प्रमुअ श्री डिल बा. बराल	सचार महसुल	२००००
१२५।०७७।८।१५	प्र. प्र. अ. श्री सिंहराज डाँगी	अनुगमन तथा मूल्याङन	५४०००
१६७।०७७।१०।७	लेखा प्रमुअ श्री डिल बा. बराल	अनुगमन विविध	४०००००
१७०।०७७।१०।८	लेखा प्रमुअ श्री डिल बा. बराल	अनुगमन विविध	४०००००
३।०७७।६।१४	प्र. प्र. अ. श्री सिंहराज डाँगी	एनटिसी टावर सवलिकरण खर्च	२०००००
१७।०७७।१०।५	प्र. प्र. अ. श्री सिंहराज डाँगी	टावर ढुवानी वापत	२०००००
३६।०७७।१२।५	प्र. प्र. अ. श्री सिंहराज डाँगी	स्काभेटर मर्मत तथा इन्धन पेश्की	२०००००

यसबाट आन्तरिक नियन्त्रण प्रणाली कमजोर भई आर्थिक अनुशासन कायम गर्ने कार्यमा असर पर्दछ । कार्यालय प्रमुख तथा लेखा प्रमुखले पेश्की लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२९.	**बैठक भत्ताः** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ११ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा न्यायिक समिति लगायत स्थानीय तहको अन्य कुनै समिति वा उपसमितिको वैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची-२ वमोजिमको रकम वैठक भत्ता वापत पाउने उल्लेख छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष पदाधिकारी र सदस्यहरूलाई सभा, कार्यपालिका, वडा लगायतको बैठक भत्ता वापत रु. ६,४३,०००/-खर्च लेखेको छ।बैठक भत्ता खर्चलाई नियन्त्रीत तथा व्यवस्थित बनाउनु पर्दछ ।	
३०.	**कानुनी सल्लाहकार** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्नहुने उल्लेख छ । तर गाउँ/नगर प्रमुखको कानुनी सल्लाहकारका रुपमा सहायक स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री दन्त बहादुर शाहीलाई नियुक्त गरी मासिक रु. २६,६१०/- का दरले मासिक तलब, एक महिनाको तलब बराबरको चाडबाड खर्च र पोसाक भत्ता रु. १५,०००/- समेत रु. ३,६०,९३०/- भुक्तानी भएको छ । नियममा नतोकीएको सुविधा भुक्तानी गरेको रकम अनियमित देखिएको रु.	३६०९३०.००
३०.१	नगर प्रमुखको कानुनी सल्लाहकारका श्री दन्त बहादुर शाहीको तलब, पोशाक भत्ता लगायत बार्षिक सुविधा रु. ३,६०,९३०/- हुनेमा निजलाई जम्मा रु. ४,१५,८७०/- भुक्तानी गरेकोले रु. ५४,९४०/- बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु...	५४९४०.००
३१.	**बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले	

	तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १०,७७,१६,००८/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ।तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।	
३२.	**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १०,००,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु. ४६,०८,६९२/५५ आय प्राप्त गरेको छ । गाउँपालीकाको आन्तरीक आय अनुमान भन्दा धेरै रहे पनि गाउँपालीकाको समग्र खर्चको तलुनामा न्युन रहेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
३३.	**राजश्व अभिलेख** : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन ।साथै रसिद नियन्त्रण खाता राखेको छैन । कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा ध्यान दिनुपर्दछ ।	
३४.	**भ्रमण खर्च** : कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छनः • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु गाउँपालिका वा कार्यालयसँग असम्बन्धित गाउँपालिका वा कार्यालय	

	गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
३५.	**सामाजिक सुरक्षा भत्ताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५, मा स्थानीय तहले प्राप्त अनुदान रकम सम्बन्धित वडा कार्यालयबाट प्रविष्टि भएको एम. आई. एस. लगायतका आधारमा बैंक मार्फत भुक्तानी दिनुपर्ने र हाताहातै नगद वितरण गर्नु परेमा मन्त्रालयको स्वीकृती लिनुपर्ने व्यवस्था छ । साथै भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र वितरण गर्नुपर्ने वा निजको व्यक्तिगत बैंक खातामा जम्मा गरीदिनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा आधिकांश रकम बैंक खातामा र दिनगन्ती हिसावले रकम पाउने केही व्यक्तीहरुको हातहातै नगदै वितरण गरेकोमा मन्त्रालयको स्वीकृती लिएको देखिएन । गाउँपालिकाले भत्ता पाउने व्यक्तिहरुको बैंक खाता खोल्न लगाई बैंक मार्फत मात्र भत्ता वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
३६.	**वितरणमुखी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यो वर्ष दुर्घटनामा मृत्य भएका, प्राकृतिक प्रकोपमा परेका, औषधि उपचार लगायतमा विभिन्न २० व्यक्ति लाई रु. ४,८०,०००/-आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता तथा वतरणमुखी खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
३६.१.	गाउँपालीकाले ड्राईभिङ तालिम तथा लोकसेवा तयारी कक्षाको लागी निम्नानुसार रकम वितरण गरेको छ । तर सम्बन्धित अनुदानग्राहिले प्राप्त अनुदान रकम तोकीएको प्रयोजनामा प्रयोग भए नभएको सम्बन्धमा गाउँपालीकामा कुनै अभिलेख तथा प्रमाण छैन् भने छनौटको आधार समेत स्पष्ट छैन । यसरी निश्चित आधार तय नगरी रकम वितरण गर्दा अनियमितता हुन संभावना रहन्छ । साथै अनुदान रकम उपयोग सम्बन्धमा आवश्यक अनुगमन तथा नियन्त्रण नहुँदा अनुदान रकमको दुरुपयोग हुने संभावन रहन्छ ।सम्बन्धित अनुदानग्राहीले लोकसेवा तयारी कक्षामा सहभागी भएको तथा ड्राईभिङ कक्षामा सहभागी भई प्राप्त गरेको प्रमाण तथा नगद बुझाएको रसिद लगायतको प्रमाण पेश गर्नुपर्ने रु...	१२५२०००.००

विवरण	रकम
विभिन्न २७ जनालाई लोकसेवा तयारी कक्षाको लागी अनुदान	८१००००.००
विभिन्न १३ जनालाई ड्राइभिङ तालिमको लागी अनुदान	४४२०००.००
जम्मा	१२५२०००.००

३७.	**बिल भरपाईः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३)मा करोवारको लेखा राख्दा प्रमाणित विल भरपाईको आधारमा राख्नु पर्ने र सोही बमोजिम खर्च लेख्नुपर्ने व्यवस्था छ।	
३७.१	कार्यालयले देहायको भौ.नं.र मितिबाट फाँटवारीमा विल भरपाई संलग्न नगरी रु. १,८४,८८,६७२.००/- खर्च लेखेको छ ।खर्च पुष्टि गर्ने विल भरपाई बेगर खर्च गर्दा अनियमितता हुने तथा खर्च नियन्त्रणमा असर पर्दछ । यसरी विल भरपाई वेगर खर्च लेख्ने पदाधीकारीहरुलाई जिम्मेवार बनाई खर्चको विलभरपाई पेश गर्ने अन्यथा असुल गर्ने रु....	१८४८८६७२.००

भौ.नं./मिति	भुक्तानी लिनेको नाम	विवरण	भुक्तानी रकम	विल रकम	बढि भुक्तानी
गाउँपालीका चालु तर्फ					
२।०७७।६।१४	प्र. प्र. अ. श्री सिंहराज डाँगी	स्काभेटर संचालन	२०००००		२०००००
५।०७७।६।१५	रोजगार संयोजक श्री सुकविर रोकाया	डिजेल खरिद	९८३०००		९८३०००
२२।०७७।६।१९	,, ,,	,, ,,	२१७०००		२१७०००
७२।०७७।६।२८	दिपक वली	विविध	४००००		४००००
६५।०७७।६।२८	दिप नारायण यादव	विविध	९८६००	६८१२८	३०४७२
६५।०७७।६।२८	सामसुङ एम.२१ मोबाईल खरिदको खरिद आदेश तथा दाखिला नभएको		३५०००		३५०००
७६।०७७।६।३०	डिल बा. बराल	कार्यालय सामान	४००००		४००००
८६।०७७।७।१	एन्जल किराना पसल	,, ,,	७५०००	५७४८०	१७५२०
९१।०७७।७।१	माल बा रोकाया		७५०००		७५०००
९२।०७७।७।१	अनन्दसिह रावल		३००००		३००००
९३।०७७।७।१	राव रोकाया		६००००		६००००
९४।०७७।७।१	रविन्द्र शाही		६००००	५१०००.००	९०००.००
९५।०७७।७।१	दिलप्रसाद रोकाया		१०००००	०	१०००००
९६।०७७।७।५	काली बहादुर शाही		२००००	०	२००००
९७।०७७।७।५	प्रान्सु एण्ड प्रासी ओइल स्टेर प्राली	ईन्धन	४१०१९०	०	४१०१९०
९८।०७७।७।५	अकित जनरल स्टोर एण्ड सप्लायर्यस खडका निर्माण सेवा	ईन्धन	२०००००	०	२०००००
९९।०७७।७।५	दत्त बहादुर शाही	प्रहरी चौकी व्यवस्थापन	५००००	०	५००००
१००।०७७।७।५	सिग्रोर नेपाल ट्राभल्स एण्ड टुर	विविध	४००००	०	४००००
१०१।०७७।७।५	डिल वा बराल	विविध	४००००	०	४००००
१०१।०७७।७।५	डिल बा बराल	अनुगमन	१५००००	०	१५००००
१०५।०७७।७।२१	निशान कम्प्युटर ट्रेडर्स	स्वास्थ चौकी मर्मत तथा सचालन विविध खर्च	३०००००	०	३०००००
१०९।०७७।७।२१	डिल बा बराल	विविध खर्च	३५००००	०	३५००००
११०।०७७।७।२१	डिल बा बराल	विविध	५००००	०	५००००
१११।०७७।७।२१	बसन्त रोकाया	अन्य भ्रमण खर्च	२५०००	०	२५०००
११२।०७७।७।२१	तुलाराज भण्डारी	विविध खर्च	५००००	०	५००००
११६।०७७।७।२४	डिल बा बराल	विविध	१०००००	०	१०००००
११७।०७७।७।२४	टक हमाल	भ्रमण	३००००	०	३००००
११८।०७७।७।२४	डिल बा बराल	सचार महसुल	२००००	०	२००००
११९।०७७।७।२४	आई ड्रिम सोलुसन	मसलन्द तथा कार्यालय सामान	७९१०२	०	७९१०२
१२५।०७७।८।१५	सिहराज डाँगी	अनुगमन तथा मूल्याङन	५४०००	०	५४०००
१२६।०७७।८।१५	आर के ब्रोडकाष्टिङ मिडिया प्राली	पत्रपत्रिका	४००००	०	४००००

बजेट शीर्षक नं.: विभिन्न कार्यालयको नाम: मुड्केचुला गाउँपालीका, डोल्पा आर्थिक वर्ष : २०७७७८

१२७।०७७।८।१६	प्रान्सु एण्ड प्रासी ओईल स्टोर प्राली	डोजर मेशीन इन्धन	५०००००	०	५०००००
१३३।०७७।९।१	दत्त बा शाही	अनुगमन मूल्याङकन	३५०००	०	३५०००
१५१।०७७।९।२३	सिर्जना होटल	मसलन्द कार्यालय सामाग्री	१५००००	०	१५००००
१५३।०७७।१०।५	स्याकर ट्रेडिङ कम्पनी प्राली	मोटर साईकलको विल बुक तथा दाखिला प्रतिवेदन पेश नभएको	३४३५२	०	३४३५२
१५५।०७७।१०।५	मुड्केचुला गा पा डोल्पा	तलब	७२५४४०	५११४४ ०	२१४०००.००
१५९।०७७।१०।६	देवराज रावत	अनुगमन मूल्याङकन	४००००	०	४००००
१६०।०७७।१०।६	विष्णु बुढा	विविध	११८१००	८९९००	२९०००
१६१।०७७।१०।६	जय प्रसाद बुढा	अनुगमन मूल्याकङन	२८०००	०	२८०००
१६२।०७७।१०।६	भौ प्रसाद रोकाया	अनुगमन मूल्याकङन	२५०००	०	२५०००
१६३।०७७।१०।६	भौ प्रसाद रोकाया	अनुगमन मूल्याकङन	२५०००	०	२५०००
१६४।०७७।१०।६	नवराज शाही	अनुगमन मूल्याकङन	२०५०००	३९९५०	१६५०५०
१६६।०७७।१०।७	धर्मे शाही	मसलन्द कार्यालय सामाग्री	१८२०००	८५१००	९६९००
१६७।०७७।१०।७	डिल बहादुर बराल	अनुगमन विविध	४०००००	०	४०००००
१७०।०७७।१०।८	डिल बहादुर बराल	अनुगमन विविध	४०००००	३९७५०	३६०२५०
१७१।०७७।१०।९	मुड्केचुला गा पा	मसलन्द विविध लगायत	६१६४००	०	६१६४००
१७२।०७७।१०।९	नवराज शाही	अनुगमन तथा मूल्याङकन	९९४००	०	९९४००
१७३।०७७।१०।११	मन बा रोकाया	पदाधिकारी सुविधा	९७५००	०	९७५००
१७६।०७७।१०।१८	टंक हमाल	भ्रमण खर्च	५५०००	०	५५०००
३४४।०७८/३/२९	रा. बा. बैंक	दलित सामुदायलाई तालिम र स्वयम सेवीका प्रोत्साहन	१४०००० ०	०	१४०००००
३६१।०७८/३/२९	स्वास्थ चौकी इल	आइशोलेशन व्यवस्थापन खर्च	२५००००	०	२५००००
संघिय सरकारबाट हस्तान्तरीतर पुँजीगत					
२।०७७।७।२०	निशान कम्पूटर ट्रेडर्स	कम्प्यूटर खरिद	९४५०००	०	९४५०००
४।२७७।७।२०		मेशीनरी औजार खरिद	४९००००	०	४९००००
५०।०७८।३।२७		प्रधानमन्त्री रोजगार कार्यक्रम	४६०२६७	०	४६०२६७
गाउँपालीका पुँजीगत तर्फ					
१२।०७८।३।२७	कालीका स्वास्थ्य चौकी सौचालय व्यवस्थापन	सौचालय व्यवस्थापन	३०००००	०	३०००००
१७।०७८।१०।५	सिहँ राज डाँगी	टावर ढुवानी	२०००००	०	२०००००
९४।०७८/३/२९	कर दाखिला भौचर नभएको		१२८३९१	०	१२८३९१
३।०७७।६।१४	सिहराज डागी	एनटिसी टावर सवलिकरण खर्च	२०००००	०	२०००००
१२।०७७।७।१	कालिका स्वास्थ्य चौकी शौचालय निर्माण उस	शौचालय निर्माण	३०००००	०	३०००००
१७।०७७।१०।५	सिह राज डाँगी	टावर ढुवानी वापत	२०००००	०	२०००००
३११.०७७।१०।९	श्री गगामाला देउती बज्यै आयल स्टोर	इन्धन	४३९६८३	०	४३९६८३
७।०७७।७।२२	पर्फेक्ट आई.टी. एण्ड म्यानेज्मेटबाट ३४ ओटा कम्प्यूटर खरिद गरी विद्यालयहरुलाई वितरण गरेकोमा विद्यालयहरुमा दाखिला भएको प्रमाण पेश नभएको		३४०००० ०		३४०००००

	२।०७७।७।२०	निशान कम्प्युटर टेडर्स	व डा कार्यालयहरुको मेशिनरी खरिद	९३०८२५		९३०८२५
	४।०७७।७।२०	निशान कम्प्युटर टेडर्स	स्वास्थ्य चौकीहरुमा कम्प्युटर लगायत मेशिनरी खरिद	४८२६५०		४८२६५०
	१।०७७।१०।६	शिवशक्ति निर्माण सेवा	आधारभुत स्वास्थ्य सेवा भवन निर्माण वडा नं ७	१५०००० ०		१५०००००
	१२८-०७८/८/२९	हरिचन्द्र रावल		११०२४०	६४५२०	४५७२०.००
	जम्मा					१८४८८६७२. ००

३७.२	निम्नानुसार विद्यालयहरुले भौतिक निर्माण, क्षात्रवास संचालन तथा शैक्षिक पूर्वाधारको लागी नगरपालीकाबाट निम्नानुसार रकम भुक्तानी लिएकोमा निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तथा विल भरपाई पेश भएको छैन । यसरी कार्यसम्पन्न प्रतिवेदन तथा आवश्यक विलभरपाई नहुँदा अनुदान रकमको सहि सदुपयोग भए नभएको यकिन हुँदैन । सम्बन्धित विद्यालयले कार्यसम्पन्न प्रतिवेदन तथा खर्च पुष्टि गर्ने विल भरपाई पेश गर्नुपर्ने रु...	५८१३०००.००

भौचर नं. र मिति	विद्यालयको नाम	भुक्तानी रकम	कैफियत
३३७-०७८/३/२३	अन्नपुर्ण मा.वि.	१००००००.००	विज्ञान कक्षा संचालन
२५-०७७/६/२०	कालिका मा.वि.	४९००००.००	व्यवस्थापन खर्च
२७४-०७८/२/१८	,, ,,	१००००००.००	पशुविज्ञान कक्षा संचालन
११५-०७८/३/२४	सिटिजन्स आलबिकास केन्द्र	५०००००.००	सौचालय निर्माण
११८-०७८/३/२५	कालिका मा.वि.	२८२३०००.००	प्राविधिक सामान खरिद
जम्मा		५८१३०००.००	

३७.३	**सरुवा भ्रमण खर्चः** (२०७७/१२/०८) प्रशासिकय अधिकृत श्री सिंहराज डाँगी मिति २०७७/१२/८ गते परिवारका अन्य ३ सदस्य सहित रमाना भई शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार जाँदा रु. १८,५००/- मा गाडि रिजर्भ गरेर भ्रमण गरेको तर प्रत्येक सदस्यको छुट्टा छुट्टै भ्रमण खर्च दावी गरेकोले ३ जनाको प्रति व्यक्ती रु. १८,५००/- को दरले रु. ५५,५००/- बढी भुक्तानि लिएको पाईयो । बढी भुक्तानी भएको रकम सम्बन्धित बाट असूल गरी दाखिला गर्नुपर्ने रु.	५५५००.००
३७.४	(१०६,१०७,१०८/०७७/७/२१) गाउँपालिका प्रमुख श्री दत्त बा. शाही, प्र.प्र.अ. श्री सिंहराज डाँगी र स.लेखापाल श्री डिल बा. बराल एउटै काममा एकै दिन र एउटै गन्तव्यमा भ्रमण गर्दा छुट्टा छुट्टै गाडी रजर्भ गरी रु. १,०३,०००/- खर्च भुक्तानी लिएको पाईयो । साथै दैनिक भ्रमण खर्च लिएपछि पुनः श्री दत्त बा. शाही र प्र.प्र.अ. श्री सिंहराज डाँगीले खाना खर्च भनि प्रतिव्यक्ति रु. ६,०००/- को दरले रकम बुझेको पाईयो । यसरी खर्च गर्दा गाडी भाडामा रु. ६८,६६७/- र खाना खर्च रु १२,०००/- बढी व्ययभार परेको छ । बढी भुक्तानी लिएको रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु..	८०६६७.००

३७.५	(१३२-०७७/८/२९) समावेशी अपाङ सेवा समिति मुड्केचुला मार्फत विभिन्न २१ जनालाई रु. १,५०० को दरले रु. ३४,०००/- पुरस्कार वितरण गरेकोमा अग्रिम करकट्टा गरेको छैन । पुरस्कारमा नियमानुसार लाग्ने कर दाखिला गर्नुपर्ने रु.	८५००.००
३७.६	निम्नानुसार कर्मचारीहरुको तलब भुक्तानी गर्दा निम्नानुसार तोकिए भन्दा बढी भुक्तानी गरेकोले सम्बन्धित कर्मचारीबाट असूल गरी दाखिला गर्नुपर्ने रु. सि.नं. | कर्मचारीको नाम | बढी भएको महिना | जम्मा रकम १ | रोजगार संयोजक श्री सुरविर रोकाया | श्रावण देखी पौष | ८५१९०.०० २ | श्री सोनामी शाही | श्रावण देखी असोज | १६२००.०० ३ | श्री राजु शाही | ,, ,, | १४६१०.०० ४ | श्री बालकृष्ण विटालु | | १४६१०.०० | जम्मा | | १३०६१०.००	१३०६१०.००
३८.	**डोजर प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । खानेपानी धारा र सौचालय निर्माण समेतको लामाचौर खेल मैदान निर्माणको काममा उपभोक्ता सिमितिबाट मिति २०७८/३/९ गते सम्झौता गरी रु. ३,८२,२८१/८६ लागत सहभागीता समेत रु. ३३,४५,२७८/- मा सम्पन्न गराएको छ । उक्त कामको खेल मैदान सम्याउने काम गाउँपलीकाकै स्काभेटर प्रयोग भई रु. ९,००,०००/- आम्दानी गरेको छ तर भुक्तानी गर्दा मान्छेको रेट प्रयोग भई रु. २१,६०,९३०/- भुक्तानी भएकोले रु. १२,६०,९३०/- बढी व्ययभार परेको छ । बढी व्ययभार परेको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.	१२६०९३०.००
३९.	**फरक प्रयोजनमा खर्चः** अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४ को दफा ९ मा स्थानिय तहले शशर्त अनुदानको रकम खर्च गर्दा नेपाल सरकारले तोकेको शर्त पालना गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले शशर्त अनुदान तर्फको दिवा खाजाबाट रु. १०,७४,४००।०० र विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन रकम बाट रु. १५,०३,०००।०० गरी जम्मा रु. २५,७७,४००।०० कम्प्यूटर खरिदमा खर्च गरेकोले नेपाल सरकारले तोकेको शर्त पालना भएन । तोकिएको शर्त बाहिर गई खर्च गरेको रकम अनियमित देखिएको रु.	२५७७४००.००
४०.	**वीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली, को नियम ११२ मा दश लाख भन्दा बढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री लगायतको वीमा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालीकाले निम्नानुसार कार्यहरु निर्माण व्यवसायीहरु मार्फत गराएकोमा वीमा गराएको छैन । वि.ओ.क्यू.मा नै वीमा बापतको रकम नराखेको तथा वीमा गर्ने तर्फ निर्माण व्यवसायी तथा कार्यलयले ध्यान नदिएको कारण वीमा नगर्ने गरेको देखिन्छ । यसरी वीमानगर्दा निर्माण कार्यको अवधिमा हुन सक्ने सम्भावित दुर्घटनको जोखिम वहन हुने देखिएन । सम्भावित दुर्घटनको जोखिम वहनको लागि आवश्यक व्यवस्था गरी तोकिए बमोजिम वीमा गर्नुपर्दछ ।	

काम	निर्माण व्यवसायी	सम्झौता रकम
वडा नं.२ स्वास्थ भवन निर्माण	मनसुन निर्माण सेवा	३७१६६४२.९७
होर्ता खोला देखी होर्ता गाउँ सडक	शिरिजन कन्स्ट्रक्सन प्रा.ली.	१२४१२७९.३५
अन्नपुर्ण मा.वि. घेरावार	शिरिजन कन्स्ट्रक्सन प्रा.ली.	५८५८९६६.८७
बर्थिङ सेन्टर, सर्मि भवन निर्माण	स्वास्तिका निर्माण तथा ढुवानी सेवा	४३३००६२.६९
शर्मी घुरेली सडक निर्माण	आशापुर्ण निर्माण सेवा	३५२४८६१.३५
शर्मी घुरेली सडक निर्माण	स्वास्तिका निर्माण सेवा	२१०४२२६.००
जम्मा		२०७७६०३९.२३

४१. **मुख्यमन्त्री रोजगार** रोजगारीका अवशर सिर्जना गरी बेरोजगार तथा कोभिड १९ कारणबाट स्वदेश तथा विदेशमा रोजगारी गुमाएका युवालाई लक्षित गरी रोजगारी आयआर्जन तथा आधारभूत विकासका क्रियाकलाप प्रभावकारी रुपमा संचालन तथा व्यवस्थान गर्ने मुख्यमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालीकालाई प्राप्त बजेटबाट विभिन्न २१ कार्यक्रम संचालन गरी रु. १,८६,६१,०६१/- खर्च गरेको छ । कार्यक्रमको मुख्य उद्देश्य रोजगारीका अवशर सिर्जना, गरिवी निवारण, खाद्य सुरक्षा तथा उत्पादन र उत्पादकत्व वृद्धि रहेता पनि अधिकांश कार्यक्रम घोडेटो बाटो निमाण, कृषि भूमि घेराबार लगायतका कार्यमा खर्च भएको छ । रोजगारी सिर्जना हुने साथै पुँजी निर्माण तथा उत्पादनमुलक आयोजनाहरु छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

४२. **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. ४१०९५८।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. ४१०९५८.००

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	काम	भ्याट बाहेक भुक्तानी रकम	६.५ प्रतिशत मुअकर कर रकम	कट्टा गरेको रकम	कट्टा नगरेको रकम
६।०७७।६।२३	जेनिशा निर्माओ एण्ड इन्जिनियरिङ सोलुसन प्रा.ली.	सुपाकुना गुफाको डि.पि.आर. गर्ने	१२९००००	८३८५०	०	८३८५०
७।०७७।६।२३	,, ,,	भालुलेक तलचौर सडकको डि.पि.आर. गर्ने	४९२०००	३१९८०	०	३१९८०
८।०७७।६।२५	,, ,,	८ नं. वडा कार्यालय	४९३०००	३२०४५	०	३२०४५

		भवनको डि.पि.आर. गर्ने				
५१।०७८।३।२८	शिरिजन कन्स्ट्रक्सन प्रा.ली.	अन्नपुर्ण मा.वि. घेरावार	५१८३७३०	३३६९४२	२०२१६५	१३४७७७
	,, ,,	होर्ता खोला देखी होर्ता गाउँ सडक	१०९८४७७	७१४०१	४२८४०	२८५६०
६०।०७८।३।३०	स्वास्तिका निर्माण तथा ढुवानी सेवा	बर्थिङ सेन्टर, सर्मि भवन निर्माण	३८३१९१४	२४९०७४	१४९३२८	९९७४६
जम्मा						४१०९५८

४३. **नन्फाइलर** - भौचर नं. १४।०७७।८।१५ : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले जेनिशा निर्माण एण्ड इन्जिनियरिङ प्र.ली.लाई मू.अ.कर रु. ८०,६००।०० समेत रु. ६,२०,०००।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्मले कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. ८०६००.००

४४. **अग्रिम करः** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा तोकीए बमोजिम अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालीकाले निम्नानुसार भुक्तानी गर्दा अग्रिम कर कट्टी गरेको छैन । साथै वहाल रकम भुक्तानी गर्दा कट्टा गरेको बहाल कर रकम दाखिला गरेको छैन । यसबाट राजश्व असुलीमा असर पर्दछ । कट्टी नभएको कर सम्बन्धीतबाट असुल गरी दाखीला गर्नुपर्ने तथा बहाल कर दाखिला गर्नुपर्ने रु.... २४५२०५.००

भौचर नं. र मिति	व्यवसायी/ थप विवरण	खर्च रकम रु.	अग्रिम कर रकम रु.
८९-०७७/७/१	विविध खर्च	१२००००.००	१८००.००
विभिन्न	गरिव सँग विश्वेश्वर कार्यक्रम संचालन	५४६०००.००	७०३५.००
	प्रताप टोल फलफुल सामुदायिक घेरावार	९३३९२२.००	१४५०८.००
३।०७७।६।१४	बुढाथोकी इन्जिनियरिङलाई एन.टि.सि. टावर सवलिकरणको लागी भुक्तानी	२०००००.००	३००००.००
४।०७७।६।१५	अपेरा विल्डर्सलाई एन.टि.सि. टावर सवलिकरणको लागी भुक्तानी	५०००००.००	७५०००.००
३।०७७।६।१४	सिंहराज डाँगीले कर्मचारी छनौट तथा गोष्ठी संचालन		११९६२.००
विभिन्न १४ भौचरबाट	विभिन्न वडा कार्यालय तथा नगरपालीका कार्यालयको घरभाडा भुक्तानी गर्दा कट्टा भएको कर दाखिला नभएको	१०४९०००.००	१०४९००.००
जम्मा			२४५२०५.००

४५. **आनुपातिक कट्टीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएमा सोही अनुरुप स्थानीय तहबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको निम्नानुसारको कार्यमा शुरू सम्झौता भन्दा घटी कार्यसम्पन्न गरेकोमा नियमानुसार आनुपातिक कट्टी नगरी भुक्तानी गर्दा बढी भुक्तानी गरेको रकम असूल गरी दाखिला गर्नुपर्ने रु. ७५२७४३.००

भौ.नं./मिति	योजनाको नाम	लागत अनुमान	कार्यालयको योगदान	कार्यसम्पन्न	भुक्तानी हुनुपर्ने	भुक्तानी गरेको	बढी भूक्तानी
३७।०७८।३।१९	इलबाट फेदी सम्म पर्यटन पदमार्ग	११३७६५२	९५००००	१०९८२७५	९१७०६०	९५००००	३२९४०
६९।०७७।३।३०	कालिका गाउँ पहिरो नियन्त्रण	३०८०७१७	२८०००००	२४५३२४७	२२२९७०६	२७७०५६४	५४०८५८
८५।०७८।३।२८	८ नं. वडा कार्यालय भवन	२९६४६५५	२४७००००	२९१८९८४	२४६०९८९	२४७००००	९०११
३५७।०७८।३।२९	लामाचौर खेल मैदान निर्माण	३३८६१५३	२८२७२००	३३४५२७९	२७९३०७३	२९६२९९६	१६९९३४
जम्मा							७५२७४३

४६. **पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ४ बमोजिम कुनै व्यक्तीले दाखिला गर्नुपर्ने करको गणना गर्दा सो आय बर्षका लागि सो व्यक्तीको करयोग्य आयमा दफा ८७(१) वमोजिम कुनै रकम भुक्तानी गर्दा अनुसुची १ को दफा १(२) मा उल्लेखित दरहरु लगाई करको गणना गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाको कर्मचारी श्री सिंहराज डाँगीको करयोग्य आय रु. १,३९,१२२।०० भएकोले पारिश्रमीक कर रु. १७,८२४.०० कट्टा गर्नुपर्ने देखिन्छ । तर कार्यालयले रु. १०,८००.०० मात्र कट्टा गरेकोले रु. ७,०२४।०० कम कट्टा भएको छ । कट्टा गर्न छुट भएको रकम सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु. ७०२४.००

४७. **धरौटी फिर्ताः** सार्वजनिक खरिद नियमावली, २०७४ को नियम १२४ मा धरौटी फिर्ता गर्दा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायीले सम्बन्धीत आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश पछि भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालीकाले निम्नानुसार निर्माण व्यवसायीलाई निम्नानुसार धरौटी रकम कर विवरण पेश नगरेको प्रमाण नगरी भुक्तानी दिएको छ । यसरी कर विवरण पेश गरेको प्रमाण पेश नगरी धरौटी भुक्तानी गर्दा व्यवसायीले कर चुक्ता गरे नगरेको यकीन हुँदैन । सम्बन्धीत व्यवसायीले कर चुक्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.. ७८००००.००

भौचर	मिति	निर्माण व्यवसायीको नाम	रकम रु
९	२०७८/२/१७	रुद्र निर्माण सेवा	५००००
१०	२०७८/२/१७	ह्याल निर्माण सेवा	५००००
११	२०७८/२/१७	सौभाग्य निर्माण सेवा	३३५०००
१३	२०७८/२/२१	हिउचुली उपेन्द्र निर्माण सेवा	१७००००
१७	२०७८/३/२४	पार्वति निर्माण सेवा	१७००००

१८	२०७८/३/२७	मलिका निर्माण सेवा	५०००
		जम्मा	७८००००।००

४८. **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिएको रकम नियमावलीमा तोकिएको म्याद भित्र नियमानुसार फछ्र्यौट गर्नु गराउनु पेश्की दिने र लिने दुबै थरिको कर्तव्य हुने उल्लेख छ।गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष विभिन्न कर्मचारी, उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरूलाई उपलब्ध गराएको पेश्की मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की लेखापरीक्षण अबधिसम्म फछ्यौट भएको नदेखिएकोले नियमानुसार फछ्यौंट गर्नुपर्दछ, रू. ४३३८५२०.००

कार्यक्रम	पेश्की दिएको भौचर र मिति	पेश्की लिनेको नाम र प्रयोजन	म्याद नाघेको रकम रु.
गाउँपालीका चालु	३६।०७७।१२।५	प्र.प्र.अ. श्री सिंहराज डाँगीको स्काभेटर मर्मत तथा इन्धन पेश्की	२०००००
,, ,,	२१४।०७७।१२।२१	पशु प्राविधिक श्री नर बहादुर थापाको पशु औषधी खरिद पेश्की	३०००००
पुँजिगत	१३।०७७।८।१५	वडा भवन निर्माण उपभोक्ता समिति	१२०००००
पुँजिगत	२४।०७७।१०।६	७ नं. वडा भवन निर्माण उपभोक्ता समिति	८०००००
पुँजिगत	३९।०७७।१२।७	१ नं. वडा भवन निर्माण उपभोक्ता समिति	८०००००
शसर्त अनुदान	१४।०७७।११।१०	इन्जिनियर श्री देवराज रावतको पेश्की	३८५२०
शसर्त अनुदान	१८।०७७।१२।१४	मालिगाड झो पु निर्माण उपभोक्ता समिति	५०००००
शसर्त अनुदान	१९।०७७।१२।२४	घट्टेखोला झो.पु. निर्माण उपभोक्ता समिति	३०००००
शसर्त अनुदान	२०।०७७।१२।२४	भोटाऔल ट्रस बृज निर्माण उपभोक्ता समिति	२०००००
जम्मा			४३३८५२०.००

४९. **अनुगमन लेखापरीक्षण र सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था छ । गरेकोमा गाँउपालिकाले यो बर्ष वेरुजु फछ्र्यौट गरी सम्परीक्षण गराएको छैन । गाउँपालीकाको गत विगत वर्षको फछ्र्यौट हुन वाँकी बेरुजू रु. ७ करोड ९० हजार रहेको छ । लेखापरीक्षणको क्रममा निम्नानुसार बेरुजू सम्परीक्षणको लागि पेश भएन । यसबाट आर्थिक अनुशासन कायम गर्ने कार्यमा असर पर्दछ । बेरुजू संपरीक्षणको लागी ध्यान दिनु पर्ने देखिन्छ ।

५०. **अद्यावधिक बेरुजु स्थितिः** यस गाँऊपालिकको आर्थिक वर्ष २०७७७८ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

गत बर्ष सम्मको फछ्यौट गर्न बाँकी (रु.) (C)	यो वर्षको सं. प.बाट कायम बेरुजु रु. (D)	यो वर्षको कायम बेरुजु रु. (E)	बाँकी बेरुजू (F=C+D+E)
७००९०	०	५९९५०	१३००४०